१६९ औं बैठक

आज मिति २०८३/०३/०५ गते दिउँसो १:०० बजे यस मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारीत गरीए ।

तपसिलः

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण दत्त भट्ट | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गगन सिंह भाट | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हर्क बहादुर चन्द | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री भरत सिंह पुजारा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री राम चन्द्र भट्ट | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री नन्द्य ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री विजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | श्री हरि प्रसाद शर्मा | सदस्य सचिव | |

**प्रस्तावहरुः**

प्रस्ताव नं. १. बजेट सम्वन्धमा ।

प्रस्ताव नं. २. कार्यविधि सम्वन्धमा ।

प्रस्ताव नं. ३. O&M Survey सम्वन्धमा ।

प्रस्ताव नं. ४. दलित लक्षित कार्यक्रम सम्वन्धमा ।

प्रस्ताव नं. ५. नगर शिक्षा योजना सम्वन्धमा ।

प्रस्ताव नं. ६. खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्वन्धमा ।

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

निर्णयहरुः

निर्णय नं. १, प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको आ.व. २०८३।०८४ को बजेट नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २, प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाका तपसिलबमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः

- स्थानीय कृषि उत्पादनमा आधारित विद्यालय दिवा खाजा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
- स्थानीय श्रोत व्यक्ति नियुक्ती तथा परिचालन कार्यविधि, २०८३

निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा सुदूरपश्चिम प्रदेश सरकारको स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धि मापदण्ड, २०८३ को दफा ३ को उपदफा (१) तथा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धि राष्ट्रिय मापदण्ड, २०८२ को दफा ५ को उपदफा (३) बमोजिम यस मेलौली नगरपालिकाको O&M Survey कार्यका लागि पुर्व स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको दलित लक्षित विशेष अनुदान आयआर्जन कार्यक्रम सञ्चालन तथा खर्च कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५, प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को प्रदेश विशेष अनुदान अन्तर्गत शैक्षिक गुणस्तर सुधार शीर्षकमा रु. ३० लाख बजेट विनियोजन हुन आएकोमा यस नगरपालिकाको हालसम्म पनि नगर शिक्षा योजना निर्माण हुन नसकेको तथा पालिकामा यसका लागि पर्याप्त बजेटको अभाव समेत देखिन आएको तथा पालिकाको समग्र शैक्षिक सुधारको बाटो समेत अन्योलमा रहन गएको देखिएको हुँदा तत्काल नगर शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकताका कारण उक्त बजेटमध्ये रु. १० लाख यस नगरपालिकाको १० वर्षे नगर शिक्षा योजना निर्माणमा उपयोग गर्ने निर्णय गरियो । साथै नगर शिक्षा योजना निर्माणको कार्य चालु आर्थिक वर्षमै सम्पन्न गर्ने गरी तत्काल प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ६, प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिका वडा नं. ३ मा रहेको स्यालढुङ्गा तलखेत खानेपानी तथा सरफाई उपभोक्ता समितिलाई यस नगरपालिकामा दर्ता गर्ने निर्णय गरियो ।

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख